Two persons use the same tap water to wash the clothes. Person A used soap and hot (boiled) water while person B used cold water and detergent. Give any one reason for using hot water by person 'A' and using detergent by persons 'B'.

13. एम्फियोक्सस, सबफाइलम सेफालोकोर्डेटामा पर्ने एउटा जनावर हो । यसले फाइलम भर्टिब्रेटा र क्रमविकाससँग कसरी सम्बन्ध देखाउँछ ? प्रत्येकको एक एक बुँदा लेख्नुहोस् ।
Amphioxus is an animal of sub- phylum cephalochordata. How does it link with vertebrates and evolution? Write one point for each.

14. दिइएको ग्राफमा केही पदार्थ र तिनको 1kg पिण्डको विशिष्ट तापधारण क्षमता J/kg $^0$C मा देखाइएको छ । यदि पदार्थ B को 1kg पिण्डमा तापक्रम 10 $^0$C देखि 50 $^0$C सम्म पुर्‍याउन आवश्यक पर्ने तापशक्ति, पदार्थ C को 1kg पिण्डमा दिइयो भने त्यसको तापक्रममा हुने परिवर्तन हिसाब गर्नुहोस् ।




In the given graph, some substances and their specific heat capacities are shown in J/kg$^0$C. Calculate the change in temperature of 1kg mass of substance C



क्रमशः

when heated by equal amount of heat required to raise the temperature of 1kg mass of substance B from 10 $^0$C to 50 $^0$C.

15. कुनै ग्यास रहेको ग्यास जारमा धातुको बलिरहेको रिबनलाई लग्दा कालो र सेतो धुलो पदार्थ देखियो । सेतो पदार्थलाई पेटमा अम्लीयपन बढी भएको बिरामीलाई औषधीको रुपमा प्रयोग गर्न सकिन्छ ।
When a burning ribbon of a metal was taken in a jar containing gas, it formed white and black powder. The white powder can be used as medicine to cure hyperacidity.
 (i) सेतो पदार्थलाई पानीमा घुलाउँदा के हुन्छ ? सन्तुलित समीकरण लेख्नुहोस् ।
 What happens when the white substance is dissolved in water? Write only balanced chemical equation.
 (ii) उक्त घोलले पेटको अम्लीयपन घटाउन कसरी मद्दत गर्छ ?
 How does the solution help to reduce the hyperacidity of stomach?

16. सँगैको तालिकामा एक किसिमको हाइड्रोकार्बनको होमोलोगस शृङ्खलाको एउटा उदाहरण दिइएको छ, जहाँ क्र.सं 2 र 3 मा क्रमश: वास्तविक यौगिकको सट्टा X र Y दिइएका छन् ।
A homologous series of a type of hydrocarbon is given in the table alongside. Where, X and Y are given in serial number 2 and 3 instead of the real compounds.

| क्र.सं. (S.N.) | होमोलोगस शृङ्खला (Homologous series) |
|---|---|
| 1. | $CH_4$ |
| 2. | X |
| 3. | Y |
| 4. | $CH_3CH_2CH_2CH_3$ |

 i. X मा रहेको एउटा हाइड्रोजन परमाणुलाई -OH ले विस्थापित गर्दा बन्ने यौगिकको अणु संरचना लेख्नुहोस् ।
 Write molecular structure of the compound formed when one hydrogen atom of X is displaced by -OH.
 ii. Y को अणुमा रहेका कुनै दुईओटा सँगैका कार्बनबाट एक एकओटा हाइड्रोजन परमाणु निकाल्दा बन्ने यौगिकको संरचनासूत्र लेख्नुहोस् ।
 Write the structural formula of the compound formed by the removal of one hydrogen atom from two adjacent carbon atoms of Y.

## खण्ड 'घ' (Section 'D')

तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :
**Write long answer to the following questions:** **(7×4=28)**

17. पेरियोडिक तालिकाको परिभाषा र आधुनिक पेरियोडिक नियम लेख्नुहोस् । आधुनिक पेरियोडिक तालिकाको अल्काली धातु र हेलोजनलाई कुन समूहमा राखिएको छ ?
Define periodic table and write modern periodic law. In which group of modern periodic table alkali metals and halogens are kept.

18. 'Watt' तत्जन्य एकाई हो भन्ने कुरालाई सम्बन्धित आधारभूत एकाईहरूको सम्बन्ध देखाउने गरी प्रमाणित गर्नुहोस् । $s = ut^2 + \frac{1}{2}at^2$ मा एकाईगत एकरुपता भए नभएको जाँच्नुहोस् ।
Prove that 'Watt' is derived unit showing the proper relation among the fundamental units involved in it. Check unit wise homogeneity in $S = ut^2 + \frac{1}{2}at^2$.

19. चित्रमा विद्यार्थी A र B को आँखाका कमजोरी देखाइएका छन् ।
Defect of vision of two students A and B are shown in the diagram.



Figure A



Figure B

(i) तीमध्ये अन्तिम बेन्चमा बस्दा लेख्ने पाटीका अक्षरहरू कसले पढ्न सक्छन् ?
Between them, who can read the letters written in the board from the last bench ?

(ii) A र B को आँखाका कमजोरीको कारणका आधारमा कुनै दुई बुँदामा फरक लेख्नुहोस् ।
Write any two differences between eyes A and B on the basis of cause of defects.

(iii) आँखा B को कमजोरीको निराकरणका किरण रेखाचित्र खिच्नुहोस् ।
Sketch a ray diagram to correct the defect of eye B.

20. सँगै दिइएका चित्रहरूले मुख्य दुई रक्तनलीहरू देखाउँछन् । यिनीहरूले शरीरका विभिन्न भागहरूमा रगत पुऱ्याउँछन् ।
The diagrams alongside show two main blood vessels. They carry blood into different parts of the body.



A B

(i) त्यस रक्तनलीको पहिचान गर्नुहोस् जसमा भल्भ हुँदैन र त्यो फोक्सो बाहेकका अङ्गहरूसँग सम्बन्धित छ ।
Identify the blood vessel that has no valve and related with body parts other than lungs.

(ii) तीमध्येको कुन रक्तनलीमा रक्तप्रवाहमा बाधा भई हृदयघात हुन्छ ?
Between them which blood vessel causes heart attack due to blood flow obstruction?

(iii) पल्मोनरी रक्तसञ्चारलाई आधार मानी यी दुई नलीहरूमा दुईओटा फरकहरू लेख्नुहोस् ।
Write any two differences between these blood vessels on the basis of pulmonary circulation.

21. धनगढीको एउटा चार्ज स्टेसनमा 12V को ब्याट्री भएको रिक्सा चार्जमा राखिएको छ । प्राइमरी फन्का 550 भएको उक्त ट्रान्सफर्मर 220 V AC, को लाइनमा जडान गरिएको छ ।
A 12 V rickshaw is charged at a charge station in Dhangadhi. It is charged using a transformer having 550 turns in primary coil connected in 220 V AC, line.
(i) ट्रान्सफर्मरमा सेकेन्डरी फन्काको गणना गर्नुहोस ।
Calculate the number of turns in secondary coil of transformer.
(ii) रिक्साको चार्जमा प्रयोग भएको ट्रान्सफर्मर कुन प्रकारको हो ? यो ट्रान्सफर्मर र पावर हाउसमा प्रयोग गरिने ट्रान्सफर्मरको कुनै एउटा भिन्नता लेख्नुहोस् ।
Mention the type of transformer used to charge rickshaw. Write down one difference between this transformer and the transformer used in power house.

22. चित्रमा फरक फरक दुई किसिमको कोष विभाजनका एउटै अवस्थाहरू देखाइएका छन् । यदि माउकोषमा चारओटा क्रोमोजोम थिए भने:
Similar stages of different types of cell division are shown in the diagram. If there were four chromosomes in the mother cells.



चित्र Figure 'A'



चित्र Figure 'B'

(i) तीमध्ये कुनले ग्यामेटको निर्माण गर्न सक्छ ?
Which of them can form gametes?
(ii) तीमध्ये कुनले माउकोषको जस्तै गुण भएका कोषहरू बनाउँछ ?
Which of them forms daughter cells having identical characteristics of mother cell?
(iii) चित्र **A** को कुनै एउटा महत्त्व लेख्नुहोस् ।
Write an importance of figure A.

## SEE (Grade Increment) 2080 (2024)
## विज्ञान तथा प्रविधि

समय : ३ घण्टा　　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क : ७५

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :*
Write an answer in your own creative way on the basis of given instructions.

### खण्ड (क) (Section A)

1. तलका प्रश्नहरूको ठीक विकल्प छानी उत्तरपुस्तिकामा लेख्नुहोस् ।
**Choose the best alternative of the following questions and write in the answer sheet:** **(10×1=10)**

(a) तल दिइएका मध्ये नेपालमा भएको सरकारी इन्टरनेट सेवा प्रदायक संस्था कुन हो ?
Which of the following is governmental institution of internet service provider in Nepal?
(i) भायानेट (Vianet)
(ii) वेब सर्फर (Web surfer)
(iii) वर्ल्ड लिङ्क (World link)
(iv) नेपाल टेलिकम (Nepal Telecom)

(b) मोनोहाइब्रिड क्रसको दोस्रो वंशमा देखिने सन्तानहरूको जिनोटाइपिक अनुपात कुन हुन सक्छ ?
Which of the following is the genotypic ratio of monohybrid cross in $F_2$ generation?
(i) अग्लो tall : होचो dwarf = 3:1
(ii) अग्लो tall : होचो dwarf = 1:3
(iii) शुद्ध अग्लो pure tall : ठिमाहा अग्लो hybrid tall : शुद्ध होचो pure dwarf = 1:2:1
(iv) शुद्ध होचो pure dwarf : शुद्ध अग्लो pure tall : ठिमाहा अग्लो hybrid tall = 1:2:1

(c) अशुद्ध रगत शुद्धीकरणको लागि मुटुको कुन भागबाट फोक्सोमा जान्छ ?
From which part of heart does impure blood go to lungs for purification?
(i) दायाँ अरिकल (Right Auricle)
(ii) बायाँ अरिकल (Left Auricle)
(iii) दायाँ भेन्ट्रिकल (Right Ventricle)
(iv) बायाँ भेन्ट्रिकल (Left Ventricle)

Contd...

(d) तापशक्ति (Q), विशिष्ट तापधारण शक्ति (S) र तापकममा भएको परिवर्तन (dt) दिइएको अवस्थामा पिण्ड निकाल्ने सूत्र तलका मध्ये कुन सही छ ?
If heat energy (Q), specific heat capacity (S) and change in temperature (dt), then which of the following formula is correct to calculate mass?

(i) $m=\frac{Sxdt}{Q}$ (ii) $m=\frac{Qxdt}{S}$ (iii) $m=\frac{dt}{QxS}$ (iv) $m=\frac{Q}{Sxdt}$

(e) तलका मध्ये कुन अवस्थामा जम्मा इलेक्ट्रोनको सङ्ख्या 10 हुन्छ ?
In which of the following condition, total number of electrons is 10 ?

(i) $O^-$ (ii) $Mg^+$ (iii) $Na^+$ (iv) $N^{--}$

(f) दिइएको संरचना सूत्रको सही आणविक सूत्र कुन हो ?
Which of the following is the correct molecular formula for given structural formula?



(i) $C_3H_6(OH)_2$ (ii) $C_3H_5(OH)_3$
(iii) $C_3H_4(H.OH)_3$ (iv) $C_3H_2(OH_2)_3$

(g) चित्रमा दिइएका मध्ये B अवस्थाको मौरी 5.5 दिनमा प्युपा अवस्थामा परिणत भयो भने उक्त मौरी कुन प्रकारको मौरी बन्न सक्छ ?
In figure the bee of condition B is converted to pupa in 5.5 days, which type of honey bee can it form?




(i) कर्मी मौरी (worker bee)
(ii) भाले मौरी (drone bee)
(iii) रानी मौरी (queen bee)
(iv) रानी र कर्मी मौरी (queen and worker bee)

(h) दुई वस्तुको पिण्डलाई समान राखी ती दुई वस्तुबिचको दूरी दोब्बर गर्दा उक्त वस्तुमा उत्पन्न हुने गुरुत्वाकर्षण बल कति होला ?
Keeping the mass of two bodies constant, the distance between them is doubled. What will be the gravitational force exerted between them?

(i) $F=G\frac{m1.m2}{d^2}N$ (ii) $F=G\frac{m1.m2}{2d^2}N$

(iii) $F=2G\frac{m1.m2}{d^2}N$ (iv) $F=G\frac{m1.m2}{4d^2}N$

Contd...

(i) ट्रान्सफर्मरले तलका मध्ये कुन सिद्धान्तको आधारमा काम गर्छ?
Under which one of the following principles does the transformer work?
(i) म्युच्युयल इन्डक्सन (Mutual Induction)
(ii) मोटर असर (Motor Effect)
(iii) इलेक्ट्रोम्याग्नेटिक इन्डक्सन (Electromagnetic Induction)
(iv) इलेक्ट्रोम्याग्नेटिक असर (Electromagnetic effect)

(j) दिइएको तालिकाको आधारमा तलका मध्ये सही तथ्य छान्नुहोस् ।
On the basis of the given table choose the correct fact.

| पिष्टन Piston A | पिष्टन Piston B |
|---|---|
| क्षेत्रफल Area= 25 $cm^2$ | Area= 40 $cm^2$ |

(i) पिस्टन B मा थोरै बल लगाएर पिस्टन A को तौल उचाल्न सकिन्छ ।
Load of piston A can be lifted by applying less effort of piston B.
(ii) पिस्टन A मा थोरै बल लगाएर पिस्टन B को तौल उचाल्न सकिन्छ ।
Load of piston B can be lifted by applying less effort of piston A.
(iii) पिस्टन B मा धेरै बल लगाएर पिस्टन A को वस्तु उचाल्न सकिन्छ।
Load of piston A can be lifted by applying more effort of piston B.
(iv) पिस्टन B मा लगाइको बल र पिस्टन A मा उचालिएको तौल बराबर हुन्छ ।
Effort applied on piston B will be equal to the load lifted in piston A.

## खण्ड (ख) (Section B)

2. तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :
**Write very short answers of the following questions. (9×1=9)**
(a) डिजिटल सञ्चार र एनालग सञ्चारबिच कुनै एक फरक लेख्नुहोस् ।
Write a difference between digital communication and analogue communication.
(b) सामान्य मानिसमा हुने प्लेटलेट्सको सङ्ख्या कति हो ?
What is the number of platelets in normal person?
(c) विशिष्ट तापधारण क्षमताको परिभाषा दिनुहोस् ।
Define specific heat capacity.
(d) 'अन्तरिक्षमा रहेका तारापुञ्जहरू एक आपसबाट टाढा गइरहेका छन् ।' यो भनाइ कुन सिद्धान्तसँग सम्बन्धित छ ?
'Galaxies are moving away from each other' which principle is concerned with this statement?

Contd...

(e) तल दिइएका रसायनहरूको रासायनिक प्रतिक्रियाबाट कुन ग्यांस बन्छ ?
Which gas is formed by the chemical reaction of given chemicals?
$NH_4Cl + Ca(OH)_2 \longrightarrow ?$

(f) इन्सेक्टिसाइड र हर्बिसाइडबिच कुनै एक फरक लेख्नुहोस् ।
Write a difference between insecticide and herbicide.

(g) तल दिइएका रासायनिक समीकरणलाई सन्तुलित गर्नुहोस् ।
Balance the following chemical equation.
$KBr + Pb(NO_3)_2 \rightarrow KNO_3 + PbBr_2$

(h) तोरीको बोट र काँक्रोको बोटको बनोटमा निकै भिन्नता भए पनि यिनीहरूलाई एउटै क्लासमा राखिएको छ । एउटा बुँदाको आधारमा प्रस्ट पार्नुहोस् ।
Though the mustard plant and cucumber plants have a lot of structural difference, they are kept in same class. Clarify it in one point.

(i) केन्द्रीकरण दूरी 24 cm भएको लेन्सको सामर्थ्य पत्ता लगाउनुहोस् ।
Find the power of the lens having focal length 24 cm.

## खण्ड (ग) (Section C)

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**
**Write short answers of the following questions.** **(14×2=28)**

3. कर्मी मौरीले 4-6 दिन र 18-20 दिनको उमेरमा गर्ने एक एक कार्यहरू लेख्नुहोस् ।
Write one work of the worker bee in each case at the age of 4-6 and 18-20 days.

4. नेपालमा पाइने कुनै दुईओटा परम्परागत तरिकाले उपयोग गरिने जडीबुटीहरूको नाम लेख्नुहोस् ।
Write the name of any two traditionally used medicinal plants found in Nepal.

5. सामाजिक सञ्जाल विद्यार्थीहरूका लागि कसरी उपयोगी हुन सक्छ ? कुनै दुई बुँदाहरू लेख्नुहोस् ।
How is social media useful for students? Write any two points.

6. समतापी र विषमतापी जनावरहरूबिच कुनै दुई फरकहरू लेख्नुहोस् ।
Write any two differences between homoeothermic and poikilothermic animals.

Contd...

7. Bb र Bb गुण भएको खरायोबिच क्रस गराउँदा यसले शुद्धताको नियम कसरी पुष्टि गर्छ ? चार्टसहित स्पष्ट पार्नुहोस् ।

When cross between rabbits having traits Bb and Bb occurs, how does it justify law of purity of gametes? Explain with a chart.

8. आर्किमिडिजको सिद्धान्त पुष्टि गर्ने नामाङ्कित सफा चित्र खिच्नुहोस् ।

Draw a labelled diagram that proves Archimede's principle.

9. चित्रका आधारमा ब्रम्हाण्डको उत्पतिसम्वन्धी सिद्धान्तको व्याख्या गर्नुहोस् :

Explain the theory of origin of universe based on the figure shown.



10. एकजना ब्रतालुले लामो समयदेखि खाना नखाँदा पेट दुखेर उपचारका लागि तपाईंसँग राय लिन आउनुभयो । उक्त अवस्थामा तपाईंले उक्त व्यक्तिको उपचारका लागि कुन रासायनिक पदार्थ भएको आषधी प्रयोग गर्ने राय दिनुहुन्छ ? त्यसलाई रासायनिक समीकरणमा व्यक्त गर्नुहोस् ।

A person fasting for a long time felt stomachache and has come to you to get suggestions for the treatment. In this condition, for the treatment of the person, which chemical containing medicine do you suggest? Express it in chemical equation.

11. इलेक्ट्रोरिफाइनिङ प्रक्रियाबाट सुनलाई प्रशोधन गर्ने विधिलाई नामाङ्कित चित्रबाट देखाउनुहोस् ।

Show with labeled diagram for the purification of gold by electro-refining process.

12. छिप्पिसकेको आँप छिटो खान मन लागेर एक व्यक्तिले कृतिम विधि प्रयोग गरी आँप पकाए । आँप खाएको केहि दिनमा उनलाई छाला चिलाउने, छालामा फोका आउने, आँखा रातो हुने र चिलाउने हुन थाल्यो । उनले आँप पकाउन कुन रसायनको प्रयोग गरेका थिए होलान् ? यसको अत्यधिक प्रयोगबाट दीर्घ कालमा हुनसक्ने अन्य एक असर पनि लेख्नुहोस् ।

A person wants to eat mature mango fruit soon by using artificial ripening method. After some days, the person feels itching in skin, finds rashe in the skin, and eyes become red and itching. Which chemical could have been used by the person for ripening of mango? What is another chronic effect of excessive use of it?

Contd...

13. तल दुई फाइलमका विशेषताहरू दिइएका छन् । यी विशेषताहरूलाई विकासक्रमको आधारमा दुई समूहमा मिलाएर राख्नुहोस् ।
Characteristics of two phyla are given below. Write in two groups on the basis of their evolution.
   (i) शरीर खण्ड खण्ड परेको (Segmented body)
   (ii) टाउकामा टेन्टाकल्स तथा आँखा भएको (Present tentacles and eyes in head)

14. पानीलाई $0^0C$ देखि $15^0C$ सम्म तताउँदा हुने घनत्वको सम्बन्धलाई ग्राफमा देखाउनुहोस् ।
Show a graph of the relation between density when the water is heated from $0^0C$ to $15^0C$.

15. कार्बनडाइअक्साइड ग्यासलाई चुनपानीमा लामो समयसम्म पठाउँदा हुने रासायनिक प्रतिक्रियाको रासायनिक समीकरण सहित व्याख्या गर्नुहोस् ।
Explain with the chemical equation of the reaction occurred when carbondioxide gas is passed into lime water for long time.

16. दिइएको बार ग्राफको अध्ययन गर्नुहोस् । उक्त बार ग्राफमा भएका तत्त्वहरूको पारमाणविक भारबाट परमाणु सङ्ख्या पत्ता लगाई यसबाट बन्न सक्ने प्राङ्गारिक यौगिकको आणविक संरचना र यसको IUPAC नाम लेख्नुहोस् ।
Study the given bar diagram. Write molecular structure and IUPAC name of the compound formed from the atoms of the elements of atomic mass given in the bar diagram.




Contd...

## खण्ड (घ) (Section D)

तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :

**Write long answers of the following questions.** **(7×4=28)**

17. पेरियोडिक तालिकाको आधारमा दिइएका तत्वहरूको समूह र पिरियड लेख्नुहोस् ।
Write group and period of the following elements on the basis of periodic table.
क्लोरिन (Chlorine)
म्याग्नेसियम (Magnesium)

18. प्रकाशको माध्यम र रिफ्र्याक्टिभ इन्डेक्स बिच सम्वन्ध देखाउन परीक्षण गरे भने यसमा समावेश हुने आश्रित तथा स्वतन्त्र चरहरू के के हुन् ? लेख्ने कार्यमा ती चरहरू कसरी सम्बन्धित छन् ? व्याख्या गर्नुहोस् ।
What are the dependent and independent variables involved while testing a relation between medium of light and refractive index? How are these variables related with each other? Explain.

19. सेतो प्रकाशको किरणलाई प्रिज्ममा पठाउँदा हुने प्रकाशको विच्छेदन प्रक्रियाको सफा नामाङ्कित चित्र खिच्नुहोस् । प्रिज्मबाट प्रकाशको किरण विच्छेदन हुनुको कारण के हो ? यस प्रक्रियामा आधारित एउटा प्राकृतिक घटनाको उदाहरण लेख्नुहोस् ।
Draw a neat and well labeled diagram of the process of dispersion of white light passed through a prism. What is the reason of dispersion of light when it is passed through the prism? Write an example of natural incident based on this process.

20. एकजना व्यक्तिलाई हाडजोर्नी दुख्ने, मांशपेसीको भित्री भागमा दुख्ने, छाला पोल्ने तथा रातो हुने र हिंड्न र चल्न गाह्रो हुने जस्ता लक्षणहरू देखिएका छन् । के के कारणले यस्तो भएको हुनसक्छ ? यस्तो अवस्थाको नियन्त्रण र यसबाट बच्नका लागि गर्नुपर्ने कुनै दुई कार्यहरू लेख्नुहोस् ।
A person has the problems like pain in joints, deep pain in muscles, burning sensation in skin, redness in skin and difficulty in movement and walking. What could be the reason of these problems in the person? What is the way to control and write any two actions to prevent from it?

Contd...

21. एउटा चार्ज स्टेसनमा 18V को ब्याट्री भएको रिक्सा चार्जमा राखिएको छ । प्राइमरी फन्का 600 भएको उक्त ट्रान्सफर्मर 220 V को लाइनमा जडान गरिएको छ ।

A 18 V rickshaw is charged at a charge station. It is charged through a transformer having 600 turns in primary coil, 220 V line.

(i) ट्रान्सफर्मरमा सेकेन्डरी फन्काको गणना गर्नुहोस् ।

Calculate the number of turns in secondary coil of the transformer.

(ii) यो कुन प्रकारको ट्रान्सफरमर हो ? यसले 1.5 V को सेलले दिने भोल्टेजलाई कतिमा परिणत गर्दछ ?

Which type of transformer is this? What is the output voltage if 1.5 V of a cell is supplied in it?

22. घरायसी कारणले गर्दा श्रीमान् श्रीमती सँगै बस्ने अस्वस्थामा छैनन् । श्रीमती नेपालमै छिन् र श्रीमान् अस्ट्रेलियामा बस्दै आएका छन् र दुवैको प्रजनन् स्वास्थ्य सामान्य छ । ती जोडीले बच्चा जन्माउन चाहन्छन् । के उनिहरू टाढा भएर पनि आफ्नै बच्चा जन्माउन सक्छन् ? यदि सक्छन् भने कुन प्रविधिको प्रयोगले यो सम्भव छ ? व्याख्या गर्नुहोस् । यो प्रविधि र प्रजनन् स्वास्थ्य असामान्य भएको जोडीले प्रयोग गर्ने प्रविधिविच प्रक्रियागत कुनै दुई फरकहरू लेख्नुहोस् ।

A couple are in different places due to various household reasons. Wife is living in Nepal and her husband is living in Australia and they have normal reproductive health. They want their own baby. Can they give birth a baby even they are at distant? If so, by which technology is it possible? Explain. Write any two differences between this technology and a technology that should be used by the couple of unhealthy reproductive health.

23. तल दिइएको अवस्थामा P र Q विचको गुरुत्वाकर्षण वल र Q र R विचको गुरुत्वाकर्षण वल पत्ता लगाउनुहोस् । ती दुईमध्ये कुन दुईओटा वस्तुहरूविचको गुरुत्वाकर्षण वल कतिले बढी हुन्छ ? हिसाब गर्नुहोस् ।




In the given condition what will be the gravitational force produced between P and Q and between Q and R? In which case gravitational force is more by how much? Calculate.

Symbol No:.....................

RE-1041'SP'

**SEE 2080 (2024)**
**विज्ञान तथा प्रविधि**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

**खण्ड 'क' (Section 'A')**

1. तलका प्रश्नको ठिक विकल्प छानी उत्तरपुस्तिकामा लेख्नुहोस् :
**Choose the best alternative of the following questions and write in the answer sheet:** **(10×1=10)**

(a) तलकामध्ये मौरीको जीवनचक्रमा खन्चुवा अवस्था कुन हो ?
In the life cycle of honey bee, which stage of the following is the voracious eater?
(i) अण्डा (Egg) (ii) लार्भा (Larva)
(iii) प्युपा (Pupa) (iv) वयस्क (Adult)

(b) मानवको सोमाटिक कोषमा कति जोडा क्रोमोजोमहरू हुन्छन् ?
How many pairs of chromosomes are there in human somatic cell?
(i) 21 जोडा (21 pairs) (ii) 22 जोडा (22 pairs)
(iii) 23 जोडा (23 pairs) (iv) 24 जोडा (24 pairs)

(c) तलकामध्ये कुन रक्त नलीले मुटुबाट फोक्सोमा रगत लैजान्छ ?
Which of the following blood vessels carries blood from heart to lungs?
(i) पल्मोनरी भेन (Pulmonary vein)
(ii) पल्मोनरी आर्टरी (Pulmonary artery)
(iii) भेनाकाभा (Venacava)
(iv) एओर्टा (Aorta)

(d) गाडीको तातो इन्जिन चिस्याउन पानीको प्रयोग गरिन्छ, किन ?
Why is water used to cool hot engines of vehicles?
(i) पानी धेरै उपलब्ध हुने हुनाले (As water is available enough)
(ii) पानी तरल पदार्थ हुनाले (As water is a liquid substance)
(iii) पानीको विशिष्ट तापधारण क्षमता अन्य वस्तुको तुलनामा कम हुनाले
As the specific heat capacity of water is the least as compared to other substances.
(iv) पानीको विशिष्ट तापधारण क्षमता सबैभन्दा बढी हुने हुनाले
As the specific heat capacity of water is the maximum.

(e) पेरियोडिक तालिकाको ग्रुप IIA (2) का तत्त्वहरू कुन ब्लकमा पर्छन् ?
In which block the elements of group IIA (2) lie?
(i) s ब्लक (s-block) (ii) p ब्लक (p-block)
(iii) d ब्लक (d-block) (iv) f ब्लक (f-block)

(f) $C_nH_{2n}$ सामान्य सूत्र भएको हाइड्रोकार्बनको नाममा कुन प्रत्यय हुन्छ ?
Which suffix is present in the name of hydrocarbons with general formula $C_nH_{2n}$?
(i) -ane (ii) -ene (iii) –ol (iv) –yne

(g) दिइएको तालिकामा सजीव र तिनीहरूका विशेषताको कुन जोडा सही छ ?
Which pair of the living being and its characteristic is correct in the given table?

| सजीव Living Being | विशेषता Characteristic |
|---|---|
| P) सल्लाको बिरुवा (Pine tree) | 1. मांसहारी (Carnivorous) |
| Q) बाघ (Tiger) | 2. जमिन र पानी दुवै ठाउँमा बस्ने (Can live in both land and in water) |
| R) माछा (Fish) | 3. जाडो ठाउँमा पाइने (Find in cold places) |
| S) भ्यागुता (Frog) | 4. स्ट्रिमलाइन शरीर भएको (having streamlined body) |

(i) P-1, Q-2, R-3, S-4 (ii) P-3, Q-2, R-4, S-1
(iii) P-3, Q-1, R-4, S-2 (iv) P-3, Q-1, R-4, S-3

(h) 100 के.जी. पिण्ड भएको वस्तुको तौल चन्द्रमामा कति हुन्छ ?
What is the weight of a body having mass 100 kg on the moon?
(i) 2500 N (ii) 1000 N (iii) 980 N (iv) 167 N

(i) तल दिइएका आधारभूत एकाई समूहको कुन अन्तर्सम्बन्धले जुल जनाउँछ ?
Which fundamental units of following represents the proper relation for joule?
(i) $kgm^2s^{-2}$ (ii) $kgm^2s^{-1}$ (iii) $kgm^{-2}s^{-2}$ (iv) $kgm^{-2}s^2$

(j) चित्रमा दिइएको वस्तु A मा पानीले लगाउने उर्ध्वचाप कति हुन्छ ?
What is the upthrust exerted by water in the given body?




(i) 0.03N (ii) 0.3N
(iii) 3N (iv) 30N

## खण्ड 'ख' (Section 'B')

**2.** तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :
**Write very short answers to the following questions:** **(9×1=9)**

(a) नेटिजनसिपको परिभाषा दिनुहोस् ।
Define netizenship.

(b) ब्लड प्रेसरको परिभाषा दिनुहोस् ।
Define blood pressure.

(c) एक सिङ्गे गैंडाको संरक्षणका लागि मुख्य रूपमा के गर्नुपर्ला ?
What should be done mainly for the conservation of one horned rhinoceros?

(d) दिइएको रासायनिक प्रतिक्रियामा प्रयोग भएको उत्प्रेरकको प्रकार लेख्नुहोस् ।
Write the type of catalyst used in the given chemical reaction.

$$2KClO_3 \xrightarrow{MnO_2} 2KCl + 3O_2$$

(e) भिजाइएको रातो लिट्मस पेपरलाई एमोनिया ग्याँस भएको जारमा राखियो भने निलो हुन्छ, किन ?
Why do moist red litmus paper change into blue when it is inserted into the jar containing ammonia?

(f) खाद्य परिरक्षीतको प्रयोग किन गरिन्छ ?
Why is food preservatives used?

(g) बेलनाकार शरीर भएको र नेफ्रिडियाबाट निष्काशन गर्ने सजीवलाई वर्गीकरणको कुन फाइलममा राख्न सकिन्छ ?
In which phylum of the classification of living beings, an organism with cylindrical body that excretes through nephridia can be placed?

(h) चित्रमा देखाइएको कुन माध्यममा पूर्ण आन्तरिक परावर्तन हुनु अघि चरम कोण बन्छ ?
In which medium shown in the diagram, critical angle is formed before total internal reflection?




(i) यदि एउटा मान्छेले -2.5D सामर्थ्य भएको लेन्स राखिएको चस्मा प्रयोग गरेको छ भने, उक्त मानिसको आँखामा भएको समस्या के होला ?
A person is using a spectacle having lens of power -2.5D. What could be the problem in the eye of the man?

## खण्ड 'ग' (Section 'C')

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :

**Write short answer to the following questions:** **(14×2=28)**

3. रानी मौरीको कुनै दुई कार्यहरू लेख्नुहोस् ।

   Write any two functions of a queen bee.

4. जलवायु परिवर्तनका कुनै दुईओटा प्राकृतिक प्रक्रिया उल्लेख गर्नुहोस् ।

   Mention any two natural processes that cause climate change.

5. एक जना विद्यार्थीले घिर्नीको सङ्ख्यामा परिवर्तन गर्दा बलमा कस्तो परिवर्तन आउँछ भन्ने कुरा परीक्षण गर्न खोजे । यस प्रयोगमा घिर्नीको सङ्ख्या, वस्तुको तौल, उचाल्न लाग्ने बल, घिर्नीमा लाग्ने घर्षण बल तथा घिर्नीको किसिम मध्येबाट एउटा नियन्त्रित चर र एउटा आश्रित चरको पहिचान गर्नुहोस् ।

   A student has to test the change in effort applied and the number of pulleys used. In this experiment, identify a controlled variable and a dependent variable from number of pulleys, load of object, effort applied, friction produced in the pulleys and type of pulley.

6. मेन्डलले आफ्नो प्रयोगका लागि तोरीको बिरुवालाई किन रोजेनन् ? कुनै दुईओटा बुँदाहरू उल्लेख गर्नुहोस् ।

   Why did Mendel not select mustard plant for his experiment? Mention any two points.

7. DC को आवृति कति हुन्छ, किन ?

   What is the frequency of DC? Why?

8. मानौं तपाईंले एउटा चारपाङ्ग्रेको ब्रेकिङ्ग प्रणालीका लागि तथा एउटा डुबिरहेको पनडुब्बीलाई सतहमा ल्याउनका लागि हावालाई प्रयोग गर्नुपर्ने छ । तपाईंले उक्त कार्य गर्नका लागि हावाको चापमा के परिवर्तन गर्नुहुन्छ ?

   Consider you have to use air in breaking system of a four wheeler and in an immersed submarine to float it on water. What changes will you make in air pressure for them?

9. "ताराहरूको जन्म र मृत्यु दुवैका लागि गुरुत्वाकर्षण बलको महत्त्व निकै बढी हुन्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

   "Role of gravitational force is very important for the birth and death of a star." Justify the statement.

10. एक जना विद्यार्थीले क्याल्सियम कार्बोनेटको टुक्राहरूको सट्टा त्यसका धुलोको प्रयोग गरेर प्रयोगशालामा कार्बन डाइअक्साइड ग्याँस तयार गरेका छन् ।

    A student used powder of calcium carbonate rather than marble pieces for the laboratory preparation of $CO_2$ gas.

    (i) उपरोक्त रासायनिक प्रतिक्रियाका लागि सन्तुलित सूत्र समीकरण लेख्नुहोस् ।

    Write a balanced chemical equation for the chemical reaction mentioned above.

Scanned with CamScanner

(ii) तिनले मार्वलको टुक्राको सट्टा त्यसको धुलो किन प्रयोग गरे ?
Why did he/she use powder of marble instead of marble chips?

11. एउटा सुनको औंठी खेतमा हरायो । उक्त औंठी दुई महिनापछि भेट्दा त्यसको तौलमा कुनै परिवर्तन देखिएन, किन ?
A gold ring was lost in a field. When the ring was found after two months, it was found no change in its weight, why?

12. सिमेन्ट, कांच, सेरामिक्स, प्लास्टिक, फाइबर, रासायनिक मल, सावुन, किटनाशक रसायन, डिटरजेन्ट आदि रासायनिक प्रदूषकहरू हुन् । यिनीहरूमध्ये सजीवहरूमा उत्परिवर्तन गराउन सक्ने प्रदूषकको असरलाई न्युनीकरण गर्ने कुनै दुई उपायहरू लेख्नुहोस् ।
Cement, glass, ceramics, plastic, fibre, chemical fertilizer, soap, pesticides, detergents are the chemical pollutants. Write any two ways to minimize the effect of mutation caused by the pollutants among them.

13. मेरुदण्ड नभएका तर हाड भएका जनावरहरूले वर्गीकरणलाई जीवहरूको क्रमविकाससँग कसरी जोड्छन् । कुनै दुईओटा बुँदाहरू लेख्नुहोस् ।
How do the chordates without vertebral column link the classification with evolution of organism? Mention any two points.

14. मानौं तपाईंलाई उच्च ज्वरो आएको छ र तपाईंको नजिकै कुनै स्वास्थ्य केन्द्र छैन । तपाईले ज्वरो कम गर्नका लागि के प्रयोग गर्नु हुन्छ ? त्यसको कारण पनि लेख्नुहोस् ।
Consider you are suffering with high fever and there is no any health centre nearby you. What can you apply to lower the fever? Also, mention the reason.

15. काठमाडौं उपत्यकामा रहेका धातुजन्य प्राकृतिक सम्पदाहरूको टलक, दिन प्रतिदिन कम हुँदै गइरहेको छ । यसको प्रमुख कारण के हो ? आफ्नो उत्तरको समर्थनमा एउटा रासायनिक समीकरण पनि लेख्नुहोस् । The lusture of metallic heritages in Kathmandu valley are fading day by day. What is its main cause? Also write any one chemical equation supporting your answer.

16. सँगैको तालिकामा अल्कोहलको होमोलोगस श्रृङ्खला तालिका दिइएको छ । जहाँ क्र.सं. 2 मा, वास्तविक यौगिकको सट्टा X लेखिएको छ ।
A homologous series of alcohol is given in the table. In serial no. 2, 'X' is written instead of real compound.

| क्र.सं. (SN) | होमोलोगस श्रृङ्खला (Homologous series) |
|---|---|
| 1. | $CH_3OH$ |
| 2. | X |
| 3. | $CH_3CH_2CH_2OH$ |

a. X को अणुसूत्र लेख्नुहोस् ।
Write the molecular formula of X.

b. X मा रहेको यौगिकबाट एउटा H र एउटा -OH छुटयाउँदा बन्ने यौगिकको संरचनासूत्र लेख्नुहोस् ।
Write the structural formula of the compound formed by the removal of one H and one -OH from the compound kept at X.

## खण्ड 'घ' (Section 'D')

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :**
**Write long answer to the following questions:** **(7×4=28)**

17. मेन्डेलिभको पेरियोडिक तालिकाको तुलनामा आधुनिक पेरियोडिक तालिकाका राम्रा पक्षहरू के के हुन् ? कुनै चारओटा बुँदाहरू उल्लेख गर्नुहोस् ।
What are the positive aspects of the modern periodic table relative to Mendeleev's periodic table? Mention any four points.

18. डिजिटल सिग्नलको प्रसारण तथा यसको प्रयोगको व्याख्या गर्नुहोस् ।
Explain the transmission of digital signal and its application.

19. कक्षाको अन्तिम बेन्चमा बसिरहेको विद्यार्थीले कालोपाटीमा लेखिएका अक्षरहरू स्पष्ट पढ्न नसक्ने तर पाठ्यपुस्तक सजिलैसँग पढ्न सक्छ । उक्त विद्यार्थीको दृष्टिको कमजोरी तथा त्यसका दुईओटा कारणहरू लेख्दै उक्त कमजोरीलाई हटाउने उपायको किरण रेखाचित्र खिच्नुहोस् ।
Student sitting in the last bench cannot read the letters on a blackboard clearly but can read the text book. Write the type of defect of vision, he suffering with its two causes and sketch suitable ray diagram showing its remedy.

20. दिइएको रगतको चित्र अध्ययन गर्नुहोस् :
Study the given figure of blood:




(i) तीमध्ये कुन प्रकारको रगतले 55% भाग ओगट्दछ ?
Which type of them covers 55% part of blood?

(ii) तीमध्ये कुन ल्युकेमियासँग सम्बन्धित छ ?
Which of them is concerned with leukemia?

(iii) तीमध्ये A को सङ्ख्या औसतभन्दा तल झर्दा हुने असामान्य अवस्थालाई के भनिन्छ ?
What is the abnormality called, when number of A decreases below normal level?

(iv) तीमध्ये कुनले आफ्नो काम गर्दा रेसाजस्तो संरचना बनाउँछ ?
Which of them forms fibre like structure during its function?

21. एउटा विद्युत् सामग्री उत्पादन गर्ने कम्पनीले ट्रान्सफर्मरको माग बजारमा देख्यो । An electric material production company saw the demand of transformer in the market.

(i) त्यस कम्पनीले प्राइमरी फन्का 200 र सेकेन्डरी फन्का 100 हुने गरी ट्रान्सफर्मर बनाउँदा कस्तो प्रकारको ट्रान्सफर्मर बन्छ ? If the company manufactures transformers with number of primary coil 200 turns and secondary coil 100 turns. What type of transformer is formed?

(ii) यदि उक्त कम्पनीले बनाएको ट्रान्सफर्मरमा प्राइमरी फन्कामा 50V DC पठाउँदा सेकेन्डरी फन्कामा कति भोल्ट विद्युत् बग्छ ?
If 50V DC is passed in the primary coil in the transformer manufactured by the company, what will be the secondary voltage?

(iii) उक्त ट्रान्सफर्मरहरूमा इनपुट र आउटपुट इनर्जीबिच के सम्बन्ध छ ?
What is the relation between input and output energy in the transformers?

(iv) दैनिक जीवनमा माथिको 'i' नं. मा दिइएको ट्रान्सफर्मरको उपयोगिता के हुन्छ ?
What is the use of transformer given in no. 'i', in our daily life ?

22. चित्रमा फरक फरक दुई किसिमका कोष विभाजनका चित्रहरू देखाइएका छन् :
Different types of cell division are shown in the diagram:




चित्र (Figure) 'A'




चित्र (Figure) 'B'

(i) तीमध्ये कुनले ग्यामेटको निर्माण गर्न सक्छ ?
Which of them can form gametes?

(ii) तीमध्ये कुनले माउकोषको जस्तै गुण भएका कोषहरू बनाउँछन् ?
Which of them forms daughter cells having identical characteristics of mother cell?

(iii) चित्र A को कुनै एक महत्त्व लेख्नुहोस् ।
Write an importance of figure A .

(iv) तीमध्ये कुनले मैथुनिक प्रजननमा क्रोमोजोमको सङ्ख्या माउकोषमा जतिकै बनाउन मद्दत गर्दछ ?
Which of them helps to make number of chromosome similar to mother cell in sexual reproduction?

Scanned with CamScanner

23. सँगैको तालिकामा तीनओटा आकाशीय पिण्डहरूको गुरुत्वप्रवेग दिइएका छन् :
The acceleration due to gravity of three heavenly bodies are given in the table alongside.

| आकाशीय पिण्डहरू Heavenly bodies | गुरुत्वप्रवेग Acceleration due to gravity |
|---|---|
| A | $9.8\ m/s^2$ |
| B | $25\ m/s^2$ |
| C | $1.67 m/s^2$ |

(i) ग्रह B को सतहतिर स्वतन्त्र रुपमा खसिरहेको वस्तुले पाँचौं सेकेन्डमा लिएको गति गणना गर्नुहोस् ।
Calculate the velocity of object falling freely towards the surface of B in $5^{th}$ second.

(ii) यदि कुनै व्यक्तिले पृथ्वीको सतहमा 50 kg पिण्ड उचाल्न सक्छ भने त्यस व्यक्तिले आकाशीय पिण्ड C को सतहमा कति पिण्ड उचाल्न सक्छ ?
If a man can lift 50 kg mass on the surface of the earth, how much mass can he lift on the surface of C?

(iii) आकाशीय पिण्ड C को सतहमा किन ठुला ठुला खाल्डाहरू पाइन्छन् ?
Why are there big craters on the surface of heavenly body of C?

(iv) यद्यपि बृहस्पतिको पिण्ड पृथ्वीको पिण्डभन्दा 319 गुणा बढी छ, तर यसको गुरुत्वप्रवेग त्यही अनुपातमा बढेको पाईंदैन, किन ?
Although the mass of Jupiter is 319 times of the mass of the earth, but its acceleration due to gravity does not increase in the same ratio, why?

●●●